"कृषि,पर्यटन र पुर्वधार सम्बृद्ध मिक्लाजुङको आधार"

स्थानीय सरकार

# मिक्लाजुङ गाँउपालिका

## गाँउकार्यापालिकाको कार्यालय

## रवि, पाँचथर

कोशी प्रदेश (नेपाल)

प० सं० २०८०/०८१

च० नं० १६६

विषय :- **सिलबन्दी बढाबढ दरभाउपत्र आव्हानको सूचना ।**

**चौथो पटक सूचना प्रकाशित मिति :- २०८०/०५/०५**

उपरोक्त सम्बन्धमा राजश्व परामर्श समितिको सिफारिसमा गाउँ परिषदको निर्णय बमोजिम गाउँपालिकाको कार्यालय, रवि पाँचथरले आ.व. २०८०/०८१ को लागि आन्तरिक आय **जडिबुटी,कवाडी,जीबजन्तु र स्थानीय उत्पादन निकासी कर** ठेक्का निम्नानुसार बन्दोवस्त गर्नुपर्ने भएकाले प्रचलित नेपाल कानून बमोजिम इच्छुक योग्य फर्म वा कम्पनी संस्थाहरुबाट दरभाउपत्र फाराम खरिद गरी तपशिलमा उल्लेखित शर्तहरुका अधिनमा रही कवोल गरेको ठेक्का रकम अंक र अक्षरमा खुलाई दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएकोछ ।

**ठेक्का शर्तहरु**

१. प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिएका फर्म वा कम्पनी संस्थाहरुले दरभाउपत्र फाराम खरिद गरी सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्न पाउनेछन् ।

२. दरभाउपत्र फाराम खरिद गर्न आ.व. २०७९/०८० मा नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र,आ.व. ०७८/०७९ को आयकर चुक्ता प्रमाणपत्र,नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु सहित दरभाउपत्र खरिदको निवेदन पेश गर्नुपर्नेछ ।

३.यो **सूचना स्थानीय दैनिक** पत्रिकामा प्रथम पटक प्रकाशित **भएकोमा कुनै पनि दरभाउपत्र नपरेकोले पुन: प्रकाशन गरिएकोछ। प्रकाशन भएको** मितिले **७** औं दिनको कार्यालय समय भित्र सिलबन्दी **बढाबढ** दरभाउपत्र फारम खरीद गरी ८ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट हुनेछ ।

४.यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु ८ औं दिनको १३:०० बजे भित्र कार्यालयको प्रतिनिधिहरु र सिलबन्दी दरभाउपत्रदाताहरुको रोहवरमा खोलिनेछ तर सिलवन्दी दरभाउपत्रदाताहरुको अनुपस्थित रहेमा पनि खोल्न बाधा पर्नेछैन ।

५. जसको नाममा दरभाउपत्र खरिद गरिएको हो सोही फर्म वा कम्पनीको नामबाट मात्र दाखिला गर्नुपर्नेछ । यस कार्यालयबाट प्रमाणित नभएका दरभाउपत्रलाई मान्यता दिइनेछैन र सोको छायाप्रति पनि स्वीकार्य हुनेछैन ।

६.दरभाउपत्र फाराममा आफुले कबोल **गरेकौ** दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७. सिलबन्दी दरभाउपत्र पेशगर्ने **दरभाउपत्रदाताले** नियमानुसार आफुले कबोल गरेको अंकको भए **३%** ले हुन आउन रकम मिक्लाजुङ गाउँपालिकाको कृ.वि.वै.लि.,रबि,पाँचथर स्थित धरौटी खाता नं.०६२५१०१३९५९२५०६६ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैंकले



बिभुषण न्यौपाने
नि. प्रमुख प्रशासकीय अधिकृत

दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन मान्य अवधि रहने गरि जारी गरेको छुट्टाछुट्टै बैंक जमानत पेश गर्नुपर्नेछ ।

८. ठेक्का स्वीकृत भएपछि धरौटी वापत स्वीकृत ठेक्का अंक बराबरको नियमानुसारको **पाँच(५) प्रतिशत** नगदै रकम यस कार्यालयको ने.वै.लि. स्थित हि.नं. **०६२५१०१३९५९२५०६६** धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १३ (तेह्र) महिना अवधि म्याद भएको बैंक जमानतपत्र (बैंक ग्यारेन्टी) पेश गरी सम्झौताको लागि यस कार्यालयमा उपस्थित हुनुपर्नेछ ।

९. कार्यालय समयभित्र रु १०००। मात्र नगदी रसिद वा आन्तरिक राजश्व खाता ०६२५१०१३९५९२५११२ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखि छुट्टा छुट्टै दरभाउपत्र फाराम खरिद गर्नुपर्नेछ ।

१०. सिलवन्दी दरभाउपत्रबाट स्वीकृत ठेक्काको ठेक्का अवधि २०८१ **आषाढ** मसान्तसम्म रहनेछ ।

११. ठेक्काको कवोल रकम दुई किस्तामा बुझाउनुपर्नेछ । सम्पूर्ण ठेक्का अंकको **५०%** रकम एकमुष्ठ ठेक्का सम्झौताको बखत जम्मा गर्नुपर्नेछ । बाँकी ५०% दोस्रो किस्ता रकम २०८० फागुन मसान्त भित्रै बुझाउनुपर्नेछ । प्रथम किस्ता बुझाई सम्झौता गर्न आउँदा स्वीकृत बाँकी रकम बराबरको २०८१ श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानत (परफरमेन्स वण्ड ) सम्झौता गर्दाको बखत नै पेश गर्नुपर्नेछ । तोकिएको किस्ता म्यादभित्र नबुझाएमा परफरमेन्स वण्ड तथा धितो जमानतबाट असुली गरिनेछ । कुनै पनि कारण देखाई कबोल अंकमा छुट माग गर्न पाइनेछैन ।

१२. संघीय सरकार प्रदेश सरकार वा गाउँपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पूर्णरुपमा पालना गर्नुपर्नेछ । ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा प्रचलित ऐन नियम तथा सम्झौताको परिधिभित्र रहि गाउँपालिकाको कार्यालय, रबि,पाँचथरको निर्णय अन्तिम र मान्य हुनेछ सो निर्णय मान्न ठेकेदारको कर्तव्य हुनेछ ।

१३. न्युनतम ठेक्का अंक भन्दा घटी कबोल गरी सिलबन्दी दरभाउपत्र पेश गर्न पाइनेछैन, साथै ठेकेदारबाट कुनै सर्त राखिएको वा रीत नपुगेको सिलबन्दी दरभाउपत्र माथि कुनै कार्वाही गरिनेछैन ।

१४. ठेक्का लिने ठेकेदारले दररेट सहितको साइनबोर्ड सम्बन्धित संकलन केन्द्रहरुमा राख्नुपर्नेछ ।

१५ ठेक्का कबोल गर्ने ठेकेदारले गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने नगदी रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयमा छपाइको लगत रसिद नियन्त्रण खातामा दाखिला गरेर मात्र कर दस्तुर संकलन गर्ने कार्यमा प्रयोग गर्नुपर्नेछ । साथै प्रयोग भएका रसिदहरुका विवरण कार्यालयले माग गरेमा एक/एक प्रति उपलब्ध गराउनु ठेक्केदारको कर्तव्य हुनेछ ।

१६. राजमार्ग वा सहायक राजमार्गमा तगारो राखी कर असुल गर्न पाइने छैन ।

१७. ठेक्का समाप्त भई करचुक्ता र कर समायोजन पत्र पेशगरेपछि धरौटी बापतको रकम नियमानुसार फिर्ता गरिनेछ ।

१८. यस गाउँपालिकामा बक्यौता तिर्न बाँकि रहेको ब्यक्ति, फर्म वा कम्पनीहरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म सिलबन्दी **बढाबढ** दरभाउपत्रमा भाग लिन पाउनेछैन ।

१९. एक स्थानीय तहमा उपयोग कर शुल्क बुझाइसकेको प्रमाण पेश गरेमा पुनः शुल्क लिन पाइनेछैन ।

२०. ठेक्का संचालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण कर,दस्तुर, शुल्क आदि ठेक्केदार स्वयमले बुझाउनुपर्नेछ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाइनेछैन । ठेक्का अवधिभर ठेक्केदारले ठेक्का तोड्न **पाउनेछैन** । बीचैमा ठेक्केदारले ठेक्का तोडेमा असुल हुन बाँकी रकममा १०% व्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा नीजले कवोल गरेभन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेक्केदारबाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२१. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

२२. सार्वजनिक खरदि नियमावली **२०६४(संशोधित) को नियम १२६** बमोजिम ठेक्का सम्झौताका बखत नै कबोल गरेको रकम कार्यालयमा एकमुष्ठ बुझाएमा सम्झौतामा उल्लेखित कबोल अङ्कको १०(दश) प्रतिशत छुट दिइनेछ ।



विभुषण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

२३ माथि उल्लेखित सिलबन्दी बढाबढ दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

२४. करका दररेटहरु मिक्लाजुङ गाउँपालिकाको कार्यालयको आर्थिक ऐन, २०८० बमोजिम हुनेछ ।

२५ सिलबन्दी बढाबढ दरभाउपत्र सम्बन्धी शर्तहरु तथा दररेट सम्बन्धी विस्तृत विवरण यस कार्यालयको वेबसाइट ***http://www.miklajungmunpanchthar.gov.np*** र कार्यालयको आधिकारीक फेसबुक पेज ***"मिक्लाजुङ गाउँपालिका पाँचथर"*** बाट पनि हेर्न सकिनेछ । सो सम्बन्धी अन्य कुरा बुझ्न परेमा मिक्लाजुङ गाउँपालिकाको कार्यालय, पाँचथर तथा फोन नं. ०२४-४१२१६५/९८५२६८४८२८ मा सम्पर्क राख्न सकिने छ ।

**२५ यो सुचना रेडियो १०७.७ मेगाहर्ज रबिबाट पनि प्रसारण गरिएकोछ ।**

**ठेक्काको विवरण**

| आन्तरिक आय वन्दोवस्त ठे.नं. | ठेक्काको क्षेत्र | न्युनतम वार्षिक ठेक्का अंक आ.व. ०८०/०८१ (मू.अ.क. बाहेक) | दरभाउपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| MRM/SQ/Revnue 12/2079/080 | मिक्लाजुङ गाँउपालिकाको सबै नाकाहरु । | रु ४,४२,४७७।८८ चारलाख बयालीसहजार चारसय सतहत्तर रुपैया र पैसा अठासी मात्र । | १०००.०० | कबोल अङ्कको ३ प्रतिशत मात्र |

विभुषण न्यौपाने
नि. प्रमुख प्रशासकीय अधिकृत

**मिक्लाजुङ गाँउकार्यपालिकाको कार्यालय,**
**रबि,पाँचथर**